हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ | संख्याः २२ | प्रमाणिकरण मितिः २०७९/१२/१२

भाग १

## जीतपुरसिमरा उपमहानगरपालिका

## सिंचाई ऐन, २०७९

प्रस्तावनाः

यस जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र जलश्रोतको उपयोगबाट सिञ्चाई सेवाको व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, खाद्य सुरक्षाको सुनिश्चितता गर्ने र कृषि क्षेत्रको व्यवसायिकरणबाट आयआर्जन बढाउने उद्देश्यले भरपर्दो, पहुँचयोग्य र सहभागितामुलक सिञ्चाई सेवा उपलब्ध गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि जीतपुरसिमरा उपमहानगरपालिकाको सातौं नगरसभाद्वारा सिञ्चाई ऐन, २०७९ जारी गरिएको छ ।

### परिच्छेद एक
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सिञ्चाई ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "आयोजना" भन्नाले नगरपालिकाले यस ऐन अनुसार सञ्चालन गर्ने साना/सिञ्चाई आयोजना सम्झनुपर्दछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(ख) "उपभोक्ताः भन्नाले अनुदानमा साना/सिञ्चाई कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित सरकारी निकायमा दर्ता भएका कृषक/कृषक समुह/कृषि सहकारी संस्था, निजी कृषि फर्म वा सिँचाई प्रयोजनका लागि नगरपालिकामा दर्ता भएका उपभोक्ता समितिहरूलाई सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका,नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "तोकिएको "वा" तोकिएबमोजिम" भन्नाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनुपर्दछ ।

(च) "वडा" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाका सम्पूर्ण वडाहरू सम्झनुपर्दछ ।

(छ) "शाखा" भन्नाले कृषि विकास शाखालाई सम्झनुपर्दछ ।

(ज) "समिति" भन्नाले नगरपालिकाको आर्थिक विकास समिति सम्झनुपर्दछ ।

(झ) "सहकारी संस्था" भन्नाले कृषि सहकारी संस्थालाई सम्झनुपर्दछ ।

(ञ) "सिञ्चाई" भन्नाले प्राकृतिक रूपमा उपलब्ध पानीलाई बोट बिरुवा तथा बाली विकासको लागी कृत्रिम तरिकाबाट पानी पुयाउने प्रक्रियालाई सम्झनु पर्दछ

(ट) "सिञ्चाई कार्यक्रम " भन्नाले कम्तीमा २ बिगाहा क्षेत्रफलमा सिञ्चाई सुबिधा दिने गरी सञ्चालन गरिएको सिञ्चाई (थोपा सिञ्चाई, भुमीगत सिञ्चाई, सतह सिञ्चाई, सोलार सिञ्चाई, लिफ्ट सिञ्चाई, कुलो निर्माण तथा मर्मत) कार्यलाई सम्झनुपर्दछ ।

(ठ) "सिञ्चाई संरचना" भन्नाले सिञ्चाई उपलब्ध गराउन मुहानदेखि सिंचित क्षेत्रसम्म निर्माण गरिएका भौतिक संरचना र यसले चर्चेको जमिन, त्यसै सँग सम्बन्धित सडक, बाटो वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्दछ

(ड) "सिंचित क्षेत्र" भन्नाले कुनै खास सिञ्चाई सेवा पुगेको वा पुग्ने क्षेत्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद दुई
## सिञ्चाई कार्यक्रमको क्षेत्राधिकार र सिञ्चाई प्रणाली विकाससम्बन्धी व्यवस्था

३. सिञ्चाई कार्यक्रमको क्षेत्राधिकारः

(१) नगरपालिकाबाट नयाँ निर्माण/सुदृढीकरण गरिने सिञ्चाई कार्यक्रम भन्नाले दश हेक्टर भन्दा तलका क्षेत्रफलमा सिञ्चाई सुबिधा दिनेगरी सञ्चालन गरिएको सिञ्चाई कार्यक्रम हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय तथा प्रदेश कानुनले उपदफा (१) भन्दा फरक ढङ्गले न्यूनतम तथा अधिकतम सिमा तोकेमा सोहि कानुनबमोजिम हुनेछ ।

४. सिञ्चाई प्रणालीको विकासः

(१) नगरपालिकाले जलश्रोतको विकास र उपयोगका लागी नगरको समग्र सिञ्चाई प्रणालीहरूको गुरुयोजना बनाई सोको मार्गचित्र तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमको मार्गचित्रमा जलश्रोतको उपयोग, उपयोग गर्ने तरिका, व्यवस्थापनको ढाँचा, सञ्चालन तथा नियमन गर्ने विधि तोकिएबमिजोम हुनेछ ।

५. अनुमति बिना सिञ्चाई प्रणालीको निर्माण र विकास गर्न नहुनेः

(१) कसैले पनि नगरपालिका वा नगरपालिकाले तोकेको शाखा वा अधिकारीको अनुमति प्राप्त नगरी कुनै किसिमको सिञ्चाई प्रणालीको सर्वेक्षण निर्माण र विकास गर्न वा सिञ्चाई प्रयोजनका लागी जलश्रोतको प्रयोग गर्न वा गराउन हुदैन तर, नगरपालिका आफैले सिञ्चाई प्रणालीको सर्वेक्षण निर्माण र विकास गर्न चाहेमा कुनै किसिमको अनुमति लिनुपर्ने छैन ।

६. अन्य प्रयोजनका लागि पानीको प्रयोग गर्न सकिनेः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाले नगरपालिका अन्तर्गत निर्माण वा विकास गरेको वा निर्माणाधीन वा अनुमति प्राप्त सिञ्चाई प्रणाली वा यो ऐन प्रारम्भ हुदाका बखत कायम रहेको सिञ्चाई प्रणालीमा उपलब्ध रहेको पानीको सिंचित क्षेत्रको सिञ्चाई सेवामा प्रतिकुल असर नपर्ने गरी खानेपानी, घरेलु उपयोग, पशुपालन र प्रचलित कानुनबमोजिम मत्स्यपालन, जल परिवहन, जलविहार वा तोकिएबमोजिमको अन्य प्रयोजनमा पानीको उपयोग गर्न सक्नेछ ।

## परिच्छेद तीन

## आयोजनाको छनौटसम्बन्धी व्यवस्था

७. आयोजनाको छनौट तथा निर्माणः यस ऐन बमोजिम नगरपालिकाले सिञ्चाई कार्यक्रमको छनौट तथा निर्माण गर्दा तोकिएबमोजिमको मापदण्ड पुरा गरी देहायको प्रक्रिया समेत अवलम्बन गर्नुपर्नेः-

(क) सिञ्चाई अनुरोधपत्र मार्फत माग सङ्कलन गर्ने र यथा सम्भव उपभोक्ता संस्थाका प्रतिनिधि एवं सरोकारवाला सँग परामर्श गर्ने,

(ख) आयोजना निर्माण वा कार्यान्वयन गर्दा उपभोक्ताहरूले तोकिए बमोजिम को लागत सहभागिता वा जनसहभागिता जनाउनुपर्ने,

८. प्रतिकूल असर पर्नेगरी सिञ्चाई आयोजना कार्यान्वयन गर्न नहुनेः

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एउटै जलश्रोतबाट निर्मित सिञ्चाई प्रणालीलाई असर पार्नेगरी सोहि आयोजनाको ५०० मिटर माथिल्लो भाग (अपस्ट्रिम) मा नयाँ आयोजनाको निर्माण गर्न सकिने छैन।

तर, नगरपालिकाले व्यापक सार्वजनिक उपयोगका लागी त्यस्तो श्रोतको माथिल्लो भागमा नया आयोजना छनौट र विकास गर्न यो दफाले प्रतिकुल असर पार्ने छैन ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले देहायको अवस्थामा भएको जलश्रोतको उपयोग सम्झनु पर्दछः-

(क) विद्यमान उपयोगबाट लाभान्वित भएका जनसंख्या लाई प्रतिकुल असर नपर्ने गरी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने सिञ्चाई आयोजना भएमा,

(ख) सामाजिक न्यायको दृष्टिकोणले नयाँ आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने र त्यसरी योजना कार्यान्वयन गर्दा विद्यमान सिञ्चाई प्रणाली उपर सारभूत रूपमा तत्काल असर पर्ने नभएमा,

(ग) विद्यमान आयोजना र नयाँ आयोजनाका उपभोक्ता बीच पानीको बाँडफाँड गर्ने सहमति भएमा,

(२) उपदफा (१) बमोजिम नयाँ आयोजना छनौट तथा निर्माण गरेको कारणबाट तत्काल कायम रहेको सिञ्चाई प्रणालीको उपभोक्ता लाई सारभूत रूपमा प्रतिकुल असर पर्ने भएमा त्यस्ता उपभोक्तालाई उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

९. निजि क्षेत्रसँग सहकार्य गर्न सक्नेः

(१) कुनै खास सिञ्चाई प्रणाली वा सिञ्चाईको साथ साथै जलश्रोतको अन्य उपयोग गर्दा व्यवसायिक दृष्टिकोणले सम्भाव्य देखिएमा नगरपालिकाले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन तथा व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीको आधारमा निजी क्षेत्र सँग तोकिए बमोजिम सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन तथा व्यवस्थापन मध्ये आवश्यकता अनुसार कुनै वा सबै कामहरूमा निजी क्षेत्रलाई संलग्न वा जिम्मा दिन सक्नेछ ।

१०. सिञ्चाई आयोजना कार्यक्रम सञ्चालनका लागि उपभोक्ताबाट निवेदन संकलन गरिनुपर्नेः सिञ्चाई कार्यक्रम सञ्चालनको लागि निवेदन संकलनका लागि निम्न प्रकृयाहरू अवलम्बन गर्नु पर्नेछ

(क) नगरपालिकाले सिञ्चाई विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरू तथा कार्यविधि बारे सम्बन्धित सबै वडा कार्यालय मार्फत अनुसूची १ अनुसारको अधिकतम तिस दिने सूचना प्रवाह गराउनुपर्नेछ ।

(ख) निवेदन संकलन उपर्युक्त कार्यक्रम अन्तर्गत संलाचन हुने कुनैपनि सिँचाई आयोजनाको कार्यान्वयनको लागि कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीहरूबाट आधिकारिक दर्ताको प्रमाण-पत्र, जग्गा धनि प्रमाणपुर्जाको फोटोकपी (ऐलानिको हकमा वडा कार्यालयको सिफारिस) र वडाको सिफारिस सहित अनुसुचि २ अनुसारका कागजात संलग्न राखी तोकिएको समयभित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) आयोजनाको अनुमानित लागत समेत भरी निवेदन साथ पेश गर्नुपर्नेछ र उपभोक्ताले व्यहोर्ने जनश्रमदान वापतको प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

(घ) अनुसूची ३ बमोजिम सिञ्चाई कार्यक्रमको संक्षिप्त कार्ययोजना समेत निवेदन साथ पेश गर्नुपर्नेछ ।

११. कार्यक्रम छनौटको प्रक्रियाः दफा १० (ख) अनुसार दर्ता भएका निवेदनहरूबाट आयोजना छनौट गर्न देहायका आधारहरूलाई ध्यान दिनुपर्नेछ ।

(क) कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागि आयोजना छनौट गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट गठन एवं दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै लेखापरीक्षण अध्यावधिक भएको र कृषि विकासको लागि सकृय रूपले कृयाशील रहेको हुनुपर्नेछ ।

(ख) कृषक समुह/सहकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न कूल लागतको न्यूनतम ५ प्रतिशत जनश्रमदान व्यहोर्नु पर्नेछ भने कृषक/कृषि उद्यमी/कृषि फर्मले कूल लागतको सम्भव भएसम्मको जनश्रमदान व्यहोर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ

(ग) कार्यक्रम छनौट गर्दा दलित, मुक्त कमैया, सामाजिक रूपमा पिछडिएका तथा विपन्न वर्गका महिला कृषक समूहको सहभागिता हुनेगरी छनौट हुनुपर्नेछ ।

(घ) कृषक/कृषि उद्यमीका लागि दश हेक्टर तलका क्षेत्रफलमा सिञ्चाई सुबिधा उपलब्ध हुने निश्चित गर्नुपर्नेछ ।

(ङ) कृषि व्यवसायीकरण (नगदेवाली) तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरूमा सिञ्चाई सुविधा पुर्याउने दृष्टिकोण राख्नुपर्ने ।

(च) दफा १० (ख) अनुसार दर्ता भएका निवेदनहरूको कृषि विकास शाखाबाट स्थलगत अनुगमन गरी उपयुक्त देखिएका आयोजनाहरूको विवरण समितिमा पेश गर्नुपर्नेछ ।

(छ) दफा (च) अनुसार पेश भएका आयोजनाहरू आर्थिक विकास समितिमा पेश भएपछी आयोजनाहरूको छनौट र बजेट बाँडफाँडको निर्णय समितिले गर्नेछ ।

(ज) सिञ्चाई कार्यक्रम सञ्चालनका लागि समितिले कार्यक्रम संयोजक तोक्न सक्नेछ ।

१२. नगरपालिकास्तरीय सिंचाई समिति रहनेः

(१) दर्ता भइ आएका निवेदन उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको नगरपालिकास्तरीय सिंचाई समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| लेखा शाखा प्रमुख/सहायक | सदस्य |

पूर्वाधार विकास समिति संयोजक — सदस्य
पूर्वाधार विकास तथा प्रमुख/इन्जिनीयर — सदस्य
वातावरण व्यवस्थापन शाखा प्रमुख/इन्जिनियर — सदस्य
कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

(२) आवश्यकता अनुसार आमन्त्रीत सदस्य बोलाउन सकिनेछ

## परिच्छेद चार

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था

१३. कार्यक्रम सञ्चालनः

(१) नगरपालिकाकार्यालयले अग्रसरता लिई सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई पारदर्शिता अपनाई निर्माण कार्य गराउनुपर्नेछ ।

(२) निर्माण कार्यसम्बन्धी प्रक्रियागत एवं व्यवस्थापकीय जिम्मेवारी नगरपालिकाको कृषि विकास शाखाको रहनेछ ।

१४. कार्यक्रम सञ्चालनका प्रक्रियाः कार्यक्रम सञ्चालनका लागि तपसिल अनुसारका प्रकृयाहरू अवलम्बन गरिनेछः

(क) दफा ११ (छ) अनुसार छनोट भएका सिञ्चाई आयोजनाहरूको नगरपालिकाका ईन्जिनियर/सवइन्जिनियर/ असिस्टेन्ट सव इन्जिनियरबाट स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट सहितको प्रस्ताव तयार गरी स्वीकृतीका लागी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(ख) लागत इष्टिमेट तयार गर्दा ईष्टिमेट अंकको चार प्रतिसत कन्टेन्जेन्सी स्वरूप राख्न सकिनेछ ।

(ग) दफा (क) अनुसार लागत अनुमान तयार गर्दा नगरपालिकाबाट प्रदान गरिने अनुदान र उपभोक्ताले ब्यहोर्नुपर्ने जनश्रमदान वापतको रकम स्पष्ट खुलाई राख्नुपर्नेछ

(घ) दफा (क) अनुसारको स्वीकृत अनुमानित लागत प्राप्त भईसकेपछी कृषि विकास शाखाबाट उपभोक्ता सँग अनुसुची ४ अनुसारको सम्झौता गर्नुपर्नेछ ।

१५. सिञ्चाई प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षणः यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सिञ्चाई आयोजनाको सञ्चालन, व्यवस्थापन, मर्मत, सम्भार तथा आयोजना क्षेत्रको अन्य प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. मर्मत सम्भारः आयोजना सम्पन्न भैसकेपछि सोको मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषिउद्यमीको हुनेछ साथै नियमित मर्मत सम्भारका लागि एक छुट्टै कोष रहनेछ । तर प्राकृतिक प्रकोपका कारण आयोजनामा क्षति भई सम्बन्धित कृषक/कृषक समूह कृषि सहकारी संस्थाको काबु बाहिरको परिस्थिति सृजित हुन गएमा त्यस्ता आयोजनामा नगरपालिकाले आकस्मिक कोषबाट पुनःनिर्माण/ मर्मत सम्भार गर्ने जिम्मेवारी लिनुपर्नेछ ।

१७. कार्य सम्पन्न प्रतिवेदनः डिजाइन इष्टिमेट र सम्झौता अनुसार आयोजना (स्कीम) को कार्य पूर्णरूपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपशील बमोजिमको कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

(क) निमार्ण कार्य सुपरिवेक्षण गर्ने वा फाइनल बिल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरिवेक्षण गरी फाईनल बिल तयार गर्ने प्राविधिकले आईटम अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित कृषक/कृषक समुह/ कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनबारे कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमी लाई सम्बन्धित वडा कार्यालय र तोकिएको प्राविधिकबाट निरीक्षण गरी सन्तोषजनक रूपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानीको लागि कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको बैठकबाट निर्णय गराई सार्वजनिक सुनुवाई (खर्च अनुमोदन) गरी वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ग) बैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि कृषि विकास शाखामा प्राप्त भएपछि कार्यक्रम संयोजकको सिफारिस सहित भुक्तानीको लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) भुक्तानी दिँदा सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको बैंक खाता मार्फत मात्र भुक्तानी गरीनेछ ।

(ङ) भुक्तानी दिदा बिल रकमको ५ प्रतिशत रकम धरौटी वापत कट्टा गरी राखे र उक्त रकम मर्मत सम्भार अवधि दुई वर्ष भित्र सम्पादित कार्य सकुशल भएमा प्राविधिक टिमको स्थलगत रिपोर्ट पश्चात मात्र मर्मत सम्भार अवधि पछी धरौटी फिर्ता दिन सकिनेछ ।

## परिच्छेद पाँच
## विविध

१८. अनुगमन तथा मूल्यांकनः

(१) आवश्यकता अनुसार नगरपालिका, आर्थिक विकास समिति, कृषि विकास समिति, कृषि विकास शाखा, कार्यक्रम संयोजक र वडा कार्यालयबाट नियमित अनुगमन गरिनेछ ।

(२) अनुगमन तथा मूल्यांकनको प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

१९. कारबाहीसम्बन्धी व्यवस्थाः आयोजना स्वीकृत भएका कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरूपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही गरी सरकारी रकम असुल उपर गरिने छ र यस्ता कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीहरूलाई नगरपालिकाबाट सञ्चालन कुनै पनि कार्यक्रममा तिन बर्षसम्म समावेश हुन पाइने छैन ।

२०. प्रचलित कानून बमोजिम हुनेः सिञ्चाई ऐन कार्यान्वियनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोहीबमोजिम तथा उल्लेख नभएको हकमा यसै ऐन बमोजिम कार्यान्वयन हुनेछ ।

२१. नियमावली बनाउन सक्नेः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

२२. संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले निर्णय गरी लागु गर्न सक्नेछ।

२३. बचाउः सिञ्चाईसम्बन्धी यस अघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२४. संसोधनः यस ऐनलाई नगर सभाबाट आवश्यक्ता अनुसार संसोधन गर्न सकिनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूची-१</u>

दफा १० को (क) संग सम्बन्धित

सिञ्चाई कार्यक्रमको प्रस्ताव आह्वानको सुचना

सुचना । सुचना ।। सुचना ।।।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०...../...... को स्वीकृत कार्यक्रम अनुसार साना सिञ्चाई कार्यक्रममा अनुदान सहयोग प्राप्त गरी कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमीलाइ दरखास्त आव्हान गरी यो सुचना प्रकाशित गरिएको छ यो सुचना प्रकाशन भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचा अनुसारको निवेदन साथ तपशिल अनुसारका कागजातहरू संलग्न राखी यस कार्यालयमा दर्ता गराउन अनुरोध गरिन्छ ।

तपशिलः

१. अनुसुची-२ अनुसारको आवेदन फाराम ।
२. अनुसुची-३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।
४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं. को प्रमाणपत्रको फोटोकपी ।
५. नेपाली नागरिकताको प्रमाणित फोटोकपी ।
६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी प्रति जग्गा भए वडा कार्यालयको सिफारिस)
७. निवेदन पेश गर्ने, रकम ब्यहोर्ने र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपी ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

नोटः

कृषकहरूबाट माग भई आएका सिँचाई योजनाहरूसँग सम्बन्धित लाभग्राहीहरू (मोहीहरू) ले कृषक सिँचाई उपभोक्ता समिति गठन गरी संस्था दर्ता गर्न पेश गरेमा निर्णय प्रतिलिपिका साथ सम्बन्धित वडा कार्यालयको किटानी सिफारिस साथ नगरपालिकामा प्राप्त हुन आएपछि सम्बन्धित नगरको कृषि विकास शाखाको समेत सिफारिसमा नगर कार्यपालिकाले उपभोक्ता संस्था दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूची-२</u>

दफा १० को (ख) संग सम्बन्धित

सिञ्चाई कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागी दिईने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
जीतपुरसिमरा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
जीतपुर, बारा ।

बिषयः साना सिञ्चाई कार्यक्रममा अनुदान उपलब्ध गराई दिने बारे ।

महोदय,

म/हामीलाई साना सिञ्चाई कार्यक्रम अन्तरगत अनुदान सहयोग प्राप्त गरी.................................................. कार्य गर्न ईच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु/छौं। अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृयाभित्र रही कार्य गर्नेछु/छौं । पूनश्चः तपशिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

<u>तपशिलः</u>

१. अनुसुची-३ अनुसारको संक्षिप्त कार्य योजना ।
२. कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी, सिञ्चाई उपभोक्ता समिति दर्ता प्रमाणपत्रको फोटोकपी।
३. कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।
४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं. को प्रमाणपत्रको फोटोकपी ।
५. नेपाली नागरिकताको प्रमाणित फोटोकपी ।
६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी प्रति जग्गा भए वडा कार्यालयको सिफारिस)
७. निवेदन पेश गर्ने, जनश्रमदान वापत ब्यहोर्ने खर्च र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपी ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
९. आयोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

<u>निबेदक</u>

नामः
संस्थाको नामः
ठेगानाः
दस्तखतः
फोन नं.
संस्थाको छापः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूचि-३</u>

दफा १० को (घ) संग सम्बन्धित

सिञ्चाई कार्यक्रमको संक्षिप्त कार्य योजना

निबेदकको नाम थरः

कृषक समुह/सहकारी/कृषि फर्मको नामः

ठेगानाः जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं............,टोल.....................

संञ्चालन गर्न खोजेको व्यवसाय र स्थानः

अनुदान माग गरेको रकमः

आफ्नो लगानीः

आयोजनाबाट सिंचित हुने क्षेत्रफलः ...........हेक्टर

लाभान्वीत परिवार संख्याः

लाभान्वीत हुने जनसंख्याः

संञ्चालन गरिने कार्य विवरणः

| क. सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | अनुदान माग | निजी लगानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

जीतपुरसिमरा उपमहानगरपालिका

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूचि-४</u>

दफा १४ को (घ) संग सम्बन्धित

सिञ्चाई कार्यक्रम संञ्चालनको लागि गरिने सम्झौता-पत्र

जीतपुरसिमरा उपमहानगरपालिकाबाट आ.व. २०..../....... को स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गरिने साना सिञ्चाई कार्यक्रम गर्न जीतपुरसिमरा उपमहानगरपालिका, (यस पछी पहिलो पक्ष भनिने) र जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.......... को श्री................................. (यस पछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तहरू पालन गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौं/दियौं ।

<u>तपसिल</u>

१. पहिलो पक्षले दोश्रो पक्षलाई आयोजना संञ्चालनको लागि दिने अनुदान रकम आयोजना सम्पन्न भए पछी संलग्न लागत अनुमान अनुसारको रु..................चेकबाट अनुदान रकम उपलब्ध गराउने छ भने बाँकी रकम रु दोश्रो पक्षले व्यहोर्नु पर्ने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोगमा आफूले प्रस्ताव गरे अनुसार साना सिञ्चाई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
३. पहिलो पक्षले तोकेको प्राबिधिकले नियमित रूपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ, दोश्रो पक्षले स्वीकृत लागत इष्टिमेट र सम्झौता अनुसारका कार्यहरू नगरेको पाईएमा सम्झौता खारेज गर्न सकिने छ ।
४. दोश्रो पक्षले यस कार्यक्रम अनुसार सम्पन्न गरीएको साना सिञ्चाईलाई आवश्यकता अनुसार मर्मत सम्भार कोष खडा गरी मर्मत कार्यलाई निरन्तरता दिनु पर्ने छ । सो को लागि पहिलो पक्षले कुनै अनुदान उपलब्ध गराउने छैन ।
५. उपभोक्ता समितिले भुक्तानी वापत प्राप्त गर्ने रकमबाट ५ प्रतिशत रकम कट्टागरी राखिने छ, उक्त रकम मर्मत सम्भार अवधि (२ वर्ष) सम्म राखिनेछ र उक्त अवधि समाप्त भएपछि प्राबिधिक स्थलगत निरीक्षण गरी मर्मत सम्भार गर्नु नपर्ने भएमा फिर्ता दिईनेछ । उक्त फिर्ता गरिएको रकम सम्बन्धित उपभोक्ता समितिले निर्णय गरी खर्च/सोधभर्ना गर्न सक्नेछ ।
६. यस संझौता अनुसारको कार्य तोकिएको समयभित्र सम्पन्न गरी सक्नु पर्ने छ ।
७. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानुनबमोजिम हुनेछ।

| <u>पहिलो पक्षको तर्फबाट सहि गर्ने</u> | <u>दोश्रो पक्षको तर्फबाट सही गर्ने</u> |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नं. | सम्पर्क नंः |
| छापः | छापः |
| साक्षीः (सम्बन्धित प्राविधिक कर्मचारी) | साक्षीः (सचिव, कोषाध्यक्ष आदि ) |

इति सम्वत् ...........साल........महिना......गते.......रोज शुभम् ।

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत